नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ५-२०८१/८२
च. नं./pmep/ १२३

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः २०८१/०६/२१

श्री रोजगार सेवा केन्द्र (सबै)
स्थानीय तह।

बिषयः कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ (प्रथम संशोधन) सम्बन्धमा।

प्रस्तुत विषयमा विपदको समयमा नागरिकलाई तत्काल राहत दिन, विपद पश्चात विभिन्न भौतिक पूर्वाधारको मर्मत गर्न तथा सूचिकृत विपन्न बेरोजगार व्यक्तिलाई तत्काल परिचालन गरी पूर्वाधार मर्मत गर्ने कार्यमा सहजिकरण गर्ने साथै दैवि प्रकोपको बर्तमान समयमा अति विपन्न र बेरोजगारलाई राहत उपलब्ध हुने अवस्था सिर्जना गर्ने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ (मा. मन्त्रिस्तर) मिति २०८१/०६/२० को निर्णयानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेको कामका लागि पारिश्रमिक कार्यविधि, २०७७ देहाय बमोजिम प्रथम संशोधन भएकोले सोही संशोधित व्यवस्था अनुसार स्थानीय तहबाट विपदको समयमा रोजगार आयोजना संञ्चालन गर्न सकिने व्यहोरा निर्णयानुसार अनुरोध छ।

(क) कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ को उपदफा (२) पश्चात देहायको नयाँ उपदफा (२क) थप गर्ने..

> "(२क) विभिन्न विषदको अवस्थामा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई परिचालन गरी तत्काल राहत तथा विपद न्यूनीकरण गर्न कार्यपालिकाले निर्णय गरी उपदफा (२) बमोजिमको मर्मत सम्बन्धी रोजगार आयोजना सञ्चालन गर्न सक्नेछ।"

२०८१/०६/२१
(ममता कुमारी)
शाखा अधिकृत

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयः- पत्राचार हुने व्यवस्थाका लागि।
श्री स्थानीय तह (सबै):- कार्यान्वयनको लागि।